E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल।

प.स. २०८३/०८४

च. नं.

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२०

विषय:- सामुदायिक विद्यालयका बालविकास कक्षामा सिकाइ सामग्री तथा ECD कक्षाकोठा स्तरोन्नति अनुदान कार्यक्रम सञ्चालनका लागि विद्यालय छनोट सम्बन्धी सूचना

यस मन्त्रालयको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार मधेश प्रदेशका प्रत्येक जिल्लाबाट १० वटा सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास कक्षा (ECD) मा सिकाइ सामग्री व्यवस्थापन तथा कक्षाकोठा स्तरोन्नति गर्न अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक तथा तोकिएका मापदण्ड पूरा गर्ने सामुदायिक विद्यालयहरूले यो सूचना प्रकाशित भएको मितिले सार्वजनिक विदा वाहेक१० दिन (मिति: २०८३।०७।१३ गते कार्यालय समय) भित्र सम्बन्धित कागजातसहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रमको नाम: ECD सिकाइ सामग्री तथा कक्षाकोठा स्तरोन्नति अनुदान

छनोट हुने विद्यालय: प्रत्येक जिल्लाबाट १० वटा

जम्मा विद्यालय: ८० वटा

प्रति विद्यालय अनुदान रु. ६,००,०००

२. आवेदनका शर्त तथा प्रतिवद्धता:

१. सम्बन्धित निकायबाट स्वीकृत/अनुमतिप्राप्त सामुदायिक विद्यालय भएको।
२. विद्यालयमा प्रारम्भिक बालविकास (ECD) कक्षा सञ्चालनमा रहेको।
३. प्रारम्भिक बालविकास (ECD) कक्षाका लागि छुट्टै कक्षाकोठा रहेको वा उपलब्ध गराउन सकिने प्रतिवद्धता।
४. विद्यालयले अनुदान प्राप्त भएपश्चात प्रारम्भिक बालविकास (ECD) कक्षाकोठा स्तरोन्नति तथा सिकाइ सामग्री व्यवस्थापन गर्न सक्ने प्रतिवद्धता।
५. विद्यालय व्यवस्थापन समिति/विद्यालय प्रशासन (प्रधानाध्यापक तथा शिक्षक) कार्यक्रम कार्यान्वयनका लागि जिम्मेवार रहने प्रतिवद्धता।
६. विद्यालयमा आधारभूत शैक्षिक तथा भौतिक पूर्वाधार सञ्चालनयोग्य अवस्थामा रहेको प्रतिवद्धता।
७. विद्यालयले माग गरिएको विवरण तथा कागजात तोकिएको ढाँचामा पेश गर्ने प्रतिवद्धता।
८. यस मन्त्रालय वा अन्य निकायबाट विगतमा यस्तै प्रकृतिको अनुदान प्राप्त गरी अझै फछ्यौंट हुन बाँकी नरहेको प्रतिवद्धता।
९. विद्यालयले मन्त्रालय/सम्बन्धित निकायबाट हुने अनुगमन तथा मूल्याङ्कनमा सहयोग गर्ने प्रतिवद्धता।

उप-सचिव

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।
E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८३/०८४
च. नं.

३. आवेदनसंग पेश गर्नुपर्ने कागजात

विद्यालयले आवेदनसँग देहायका कागजात अनिवार्य रूपमा पेश गर्नुपर्नेछ:

१. विद्यालयको आवेदन पत्र।
२. विद्यालय व्यवस्थापन समिति वा सो समिति नभएको अवस्थामा उक्त विद्यालयको प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सहितको बैठकको निर्णयको प्रतिलिपि।
३. विद्यालयको प्रतिवद्धता पत्र।
४. प्रारम्भिक बालविकास (ECD) कक्षा सञ्चालन भएको प्रमाण/विवरण।
५. विद्यालयमा अध्ययनरत प्रारम्भिक बालविकास (ECD) कक्षाको बालबालिकाको संख्या।
६. प्रारम्भिक बालविकास (ECD) कक्षाको शिक्षक/सहजकर्ताको विवरण।
७. प्रारम्भिक बालविकास (ECD) कक्षाकोठाको वर्तमान अवस्थाको विवरण।
८. कक्षाकोठाको चार दिशाबाट खिचिएको हालसालैको फोटो।
९. हाल उपलब्ध प्रारम्भिक बालविकास (ECD) कक्षाको सिकाइ सामग्रीको विवरण।
१०. प्रस्तावित स्तरोन्नति तथा सिकाइ सामग्रीको कार्ययोजना/लागत अनुमान।
११. विद्यालयको बैंक खाताको विवरण।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।
E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८३/०८४
च. नं.

४. विद्यालयले आवेदनमा स्पष्ट रूपमा खुलाउनुपर्ने विषय

क. विद्यालयको विवरण

विद्यालयको नाम ..... विद्यालयको EMIS/IEMIS कोड नं.

ठेगाना :

स्थानीय तह .....

वडा नं. .....

सम्पर्क नम्बर .....

प्रधानाध्यापकको नाम: .....

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम (समिति गठन भएमा): .....

ख. बालविकास केन्द्र (ECD) सम्बन्धी विवरण

विवरण	संख्या
प्रारम्भिक बालविकास (ECD) मा जम्मा बालबालिका	
प्रारम्भिक बालविकास (ECD) मा जम्मा बालिका	
प्रारम्भिक बालविकास (ECD) मा जम्मा दलित बालबालिका	
प्रारम्भिक बालविकास (ECD) मा जम्मा विपन्न/सीमान्तीकृत बालबालिका	
प्रारम्भिक बालविकास (ECD) मा जम्मा अपाङ्गता भएका बालबालिका	
प्रारम्भिक बालविकास (ECD) मा जम्मा शिक्षक/सहजकर्ता	
प्रारम्भिक बालविकास (ECD) कक्षाकोठा	

.....
नित्यानन्द कुमार
उपसचिव
उप-सचिव